# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, पुस २९ गते २०३१ साल

श्री ५ को सरकार

### गृह मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले सिरहा कारागार निर्माण गर्नको लागि सगरमाथा अञ्चल, सिरहा जिल्ला, प्रगन्ना महिसोथा गा. पं. अन्तर्गत सिरहा महिसोथा तथा बस विट्टा वडा नं. २ र १ मा पर्ने निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय गरेकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुँदा यो सूचना प्रकाशित गरिएको छ ।

पूर्व खाल्टो, पश्चिम कि.नं. २३० र २३१, उत्तर कि नं. २३३, दक्षिण कारागार यति ४ किल्लाभित्रको सिरहा महिसोथा वडा नं. २ मा पर्ने कि. नं. २२९ बाट ०–३–११, कि. नं. २३० को ०–५–१३ पूरै, कि. नं. २३१ बाट ०–४–१५, कि. नं. २३२ को ०–५–१३ पूरै, कि. नं. २३३ को ०–५–१ पूरै, कि. नं. २३४ बाट ०–६–१३, कि. नं. २१६ को ०–८–० पूरै, बस विट्टा वडा नं १ मा पर्ने कि. नं. ३० को ०–२–० पूरै समेत जम्मा जग्गा २–१–६ (दुई विगहा एक कट्ठा छ धुर) को जम्मा मालपोत रु. ७९।८७ (उनासी रूपैयां सतासी पैसा) लाग्ने कित्ता ।

आज्ञाले–
शेरबहादुर शाही
श्री ५ को सरकारको सचिव



697

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

७१६

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।